लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

लुम्बिनी प्रादेशिक अस्पताल

**बुटवल, रुपन्देही, नेपाल**

# *अस्पतालको हाता भित्र चमेना गृह संचालन सम्बन्धि*

# **बोलपत्र फारम**

ठे.नं. LPH-NCB-55-2082-2083

सूचना प्रकाशित मितिः २०८३/०२/१५

प्रि-बिड मिटिङः२०८३/०२/२७ गते दिनको १४.०० बजे

स्थानः लुम्बिनी प्रादेशिक अस्पताल

बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८३/०३/०५ गते दिनको १२.०० बजे भित्र

बोलपत्र खोल्ने मिति र समयः २०८३/०३/०५ गते दिनको १४.०० बजे

स्थानः लुम्बिनी प्रादेशिक अस्पताल

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल

## बोलपत्र (e-tender) आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८३-०२-१५**

यस लुम्बिनी प्रादेशिक अस्पताल परिसरभित्र बिरामी, कुरुवा, स्वास्थ्यकर्मी तथा प्रशासनिक कर्मचारीहरूलाई स्वच्छ, स्वस्थ, गुणस्तरीय र सुलभ खानपानको व्यवस्था गर्नका लागि खुला प्रतिस्पर्धात्मक विधिबाट ५ (पाँच) वर्षका लागि क्यान्टिन सञ्चालन गर्न इच्छुक र योग्यता पुगेका रजिष्टर्ड फर्म/कम्पनीहरूबाट रीतपूर्वकको बोलपत्र ई-बिडिङ माध्यमबाट मात्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सूचना आह्वान गरिन्छ

१ यो सूचना प्रकाशित भएको मितिले तोकिएको समायाबधी भित्र तपसिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरि) ई-बिडिङ मार्फत मात्र गरिनेछ। रितपूर्वक म्याद भित्र दर्ता भएका बोलपत्रहरु माथि उल्लेखित समयमा बोलपत्रदाता वा निजका प्रतिनिधीहरुको रोहबरमा यस अस्पतालमा खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्रहरु खोल्न कुनै बाधा पर्नेछैन।

२ बोलपत्र ई-बिडिङका माध्यमबाट खरिद तथा दर्ता गर्नुपर्नेको हकमा www.bolpatra.gov.np/egp मा गई बोलपत्रदाताले आफ्नो सम्पूर्ण विवरण भरि अपलोडएवलबाट बोलपत्र दर्ता गराउनु पर्नेछ। बोलपत्रदाताले अनिवार्य रुपमा निम्नानुसारका कागजातहरु स्कान गरि पेश गर्नुपर्नेछ।

क) व्यवसाय सञ्चालन गर्न पाउने ईजाजत पत्र

ख) स्थायी लेखा नम्बरको प्रमाणपत्र

ग) मुल्य अभिबृर्दिकर प्रमाणपत्र

घ) नियमानुसार म्याद भित्रको अवधि भएको कर चुक्ताको प्रमाणपत्र तथा इजाजत पत्रको नविकरण पेश गर्नुपर्नेछ।

ङ) बोलपत्र फाराम दस्तुर वापतको तपसिलमा उल्लेखित अनुसारको रकम कृषि विकास बैक खस्यौली शाखा रुपन्देहीमा रहेको यस अस्पतालको खाता नं. ०४१४७०१४२५६७८०१९ मा जम्मा गरेको बैक भौचर

च) धरौटी रकम वापतको बैक भौचर श्री प्रदेश लेखा नियन्त्रक कार्यालय लुम्बिनी प्रदेश रुपन्देहीको नाममा रा.बा. बैक खस्यौली शाखामा रहेको धरौटि खाता नं ३१२०१००२०२०३०००० मा (अस्पतालको कोड नं. ३७००१४८०३५) नगद जम्मा गरेको अथवा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैक वा वित्तिय संस्थाले यस अस्पतालको नाममा जारी गरेको बैक जमानत पत्र (Bid Bond) बोलपत्र खोल्ने मितिबाट १२० दिन समायाबधी भएको हुनुपर्नेछ।

छ) बोलपत्रमा भाग लिन चाहने बोलपत्रदाताले कुनै कुरा बुझ्नु परेमा कार्यालय समयमा यस अस्पतालमा सम्पर्क राख्न सकिनेछ।

३ बोलपत्रदाताले बिड फर्ममा दररेट पेश गर्दा दररेटलाई अंकर अक्षर दुबैमा (नेपाली मुद्रा मात्र) उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखेको दररेटमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। दर रेट कबोल गर्दा केरमेट भएमा केरमेट भएको ठाउमा सहि/छाप गर्नुपर्नेछ। बोलपत्रदाताले बोलपत्रमा कुनै शर्त राख्न पाईनेछैन। बोलपत्रदाताले अनिवार्य रुपमा कम्पनीको सम्पर्क नम्बर, ईमेल ठेगाना राख्नुपर्नेछ। अस्पतालले पत्रचार गर्दा ईमेल मार्फत पठाएकोलाई पनि आधिकारिक मानिनेछ।

४ बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ।

५ बोलपत्र सम्बन्धी छलफल गर्न बोलपत्र पेश गर्नुपूर्वको बैठक मिति २०८३/०२/२७ गते दिनको १४.०० बजे यस अस्पतालमा राखिने छ।

६. तोकिएका आवश्यक कागजातहरु नभएका, शर्त राखी बोलपत्र पेश भएका, रित नपुगेका, म्याद नाघी प्राप्त भएका बोलपत्र उपर कुनै कारबाही हुने छैन। एक फर्म वा संस्थाको नाममा खरिद भएका बोलपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइनेछैन। बोलपत्रमा सम्बन्धित कम्पनी वा फर्मको छाप र दस्तखत अनिवार्य हुनुपर्नेछ।

७. सार्वजनिक खरिद ऐन २०६३ बमोजिम कालो सुचिमा परेको व्यक्ती, फर्म, संस्था वा कम्पनीको संचालकले आफ्नो पूर्ण वा आसिंक स्वामित्व कायम रहने गरि खोलेको नयां फर्म, कम्पनी वा संस्था वा निज आफै वा निज समेतको नाममा भई रहेको अर्को फर्म संस्था वा कम्पनीले बोलपत्र पेश गर्न सक्नेछैन।

८. अस्पताल प्रशासनले तोकेको स्थानमा स्वीकृत डिजाइन बमोजिम आफैं संरचना निर्माण गरी २४सै घण्टा क्यान्टिन सेवा सञ्चालन गर्ने।

९. न्यूनतम योग्यता: प्रचलित कानुन बमोजिम दर्ता भई कम्तिमा ३ वर्षदेखि अविछिन्न रूपमा कुनै सरकारी निकाय, विद्यालय, कलेज वा ५० शैय्या भन्दा माथिको अस्पतालमा क्यान्टिन, होटल वा रेस्टुरेन्ट व्यवसाय सञ्चालन गरी वार्षिक न्यूनतम रु. २०,००,०००/- (बीस लाख) वा सो भन्दा बढीको टर्न-ओभर भएको प्रमाण।

१०. बोलपत्रको मुल्यांकन तथा छनौटका बिधिहरु बोलपत्रमा उल्लेख गरिएको छ। बोलपत्रमा भाग लिने बोलपत्रदाताले राम्रो संग अध्ययन गरि बोलपत्र पेश गर्नुहोला। अन्यथा पछि बुझिन जानिन भन्न पाइनेछैन।

११. यो सूचनामा उल्लेख हुन छुट भएका, प्रस्ट नभएका र अन्य कुराहरु सूचना बमोजिम र सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

तपसिल

| क.सं. | ठे.नं. | कामको विवरण | न्यूतम मासिक भाडा | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | LPH-NCB-55-2082-2083 | अस्पतालको हाता भित्र चमेना गृह संचालन गर्ने काम | ३,५०,०००/- | आफुले कबोल गरेको मासिक भाडालाई १२ ले गुणा गर्दा हुने आउने रकमको ५ प्रतिशत | ३,०००/- |

प्रमुख मेडिकल सुपरिटेण्डेण्ट